शहरी आयोजना कार्यालयको लागि आवश्यक स्रोत साधन/कर्मचारीहरूको व्यवस्थापन गर्नेछ । त्यसैगरी विभागमा Institutional Support and Service Advisory Unit (ISSAU) स्थापना गरेको छ । ISSAU ले शहरी खानेपानी तथा सरसफाइ आयोजना तथा उपभोक्ता संस्थाहरुको संस्थागत तथा संरचनागत प्रवर्द्धन गर्न, विभागको संस्थागत विकासमा सहयोग गर्न तथा राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्न टेवा पुर्‍याउनेछ ।

### ९.३ आयोजना व्यवस्थापन कार्यालय (आ.व्य.का.)

केन्द्रीय तहमा रहने आयोजना व्यवस्थापन कार्यालयको समग्रतामा शहरी आयोजनाको योजना, व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षणको जिम्मेवारी रहने छ ।

एशियाली विकास बैंक र आवश्यक सरोकारवालाहरुसंग समन्वय गर्ने र आवश्यक प्रतिवेदनहरु एशियाली विकास बैंकमा पठाउनेछ । त्यसैगरी, यस कार्यालयको व्यवस्थापन र प्राविधिक पक्षमा सहयोग गर्न आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चतता परामर्शदाता (PMQAC) को रूपमा एउटा परामर्शदाताको टोली कार्यरत रहने छ । निर्माण व्यवसायी र डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको छनोट गर्ने दायित्व रहेको यस कार्यालयको रहेको छ ।

शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको डिजाइन, निर्माण र सुपरीवेक्षणको गुणस्तर कायम तथा नियन्त्रण गर्ने छ । क्षमता अभिवृद्धिको लागि आवश्यकता अनुसार गोष्ठी, तालिम, परिचयात्मक कार्यक्रम संचालन गर्नेछ र आयोजना बारे जानकारी गराउन सूचना सामग्री तयार गर्नेछ ।

### ९.४ क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (क्षे.आ.व्य.का.)/शहरी आयोजना कार्यान्वयन इकाई कार्यालय

पूर्व क्षेत्रको इटहरी, र पश्चिम क्षेत्रको लागि नेपालगंजमा स्थापित क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयले शहरी आयोजनाहरुको विस्तृत डिजाइन गर्ने, शहरी आयोजनाको कार्यान्वयन गराउने, सुपरिवेक्षण तथा अनुगमन गर्ने सर्म्पूण अभिभारा रहने छ । क्षे.आ.व्य.का. ले आयोजना कार्यान्वयनको सिलसिलामा स्थानीय सरकार, खानेपानी उपभोक्ता तथा सरसफाइ समिति, आयोजना व्यवस्थापन कार्यालय तथा नगर विकास कोषसँग समन्वय गर्नेछ । शहरी आयोजनाको डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन कार्यको लागि आयोजना व्यवस्थापन कार्यालयबाट तिन क्षेत्रहरु पूर्व, मध्य र पश्चिम क्षेत्रको लागि नियुक्त भएका डि.सु.व्य.प.ले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थासंग छलफल तथा आयोजना क्षेत्र भ्रमण र अध्ययन गरी आयोजना क्षेत्र सुनिश्चित गर्नका साथै, शहरी आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन, सामाजिक आर्थिक अध्ययन तथा प्रतिवेदन सहित विभिन्न विकल्पहरू समेत समुदायमा प्रस्तुत गरी समुदायबाट अनुमोदित प्रतिवेदनलाई अन्तिम प्रतिवेदनका रुपमा सामेल गर्नेछ । यसका साथै संरचना निर्माणमा अनुगमन, सुपरिवेक्षण र गुणस्तर नियन्त्रण गर्नेछ ।

डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताले निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने छ । हरेक शहरी आयोजनामा पुनर्वास योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण योजना र प्रारम्भिक वातावरणीय परीक्षण कार्यान्वयन तथा अनुगमन गरी सबै शहरी आयोजनाहरुको अलग अलग एकिकृत प्रतिवेदन तयार गर्ने छ । आयोजनाको कार्यक्षेत्र भित्र पर्ने सम्पन्न क्रियाकलापहरुको भुक्तानी गरी सार्वजनिक लेखा परीक्षण गर्ने छ । क्षे.आ.व्य.का. ले शहरी आयोजना कार्यान्वयन इकाई कार्यालयसंग निरन्तर समन्वय गरी आयोजनाको काम अघि बढाउन लगाउने छ । शहरी आयोजना कार्यान्वयन इकाई कार्यालयमा रहेको १ जना इञ्जिनियर, १ जना सामाजिक परिचालक सहितको Implementation Core Group ले सम्बन्धित D-WASH- CC, RM-WASH- CC/M-WASH- CC संग समन्वय गरी आयोजना सम्बन्धी मुद्दाहरुमा छलफल गराई समाधान गर्नेछ। ICG ले दैनिक कार्य, शहरी आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्ने छ । साथै, आ.व्य.का/ क्षे.आ.व्य.का/ खानेपानी उपभोक्ता तथा सरसफाइ समिति तथा स्थानीय सरकारसंग निरन्तर समन्वय गर्ने छ ।

### ९.५ नगर विकास कोष (न.वि.को.)

नगर विकास कोषले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई आयोजना निर्माणका लागि खा.पा.उ.स.सं. को ऋण तिर्न सक्ने क्षमताको अध्ययन गरी वार्षिक ५% ब्याजमा लागतको २५% ऋण प्रवाह गर्नेछ । खा.पा.उ.स.सं. तथा कर्मचारीलाई आवश्यकता अनुसार सेवा शुल्क निर्धारण, लेखा प्रणाली तथा लेखा र वित्तीय व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराउनेछ । डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताले तयार पारेका विभिन्न प्रतिवेदनहरू अध्ययन गरी राय सुझाव दिनेछ ।

### ९.६ स्थानीय सरकार

आयोजनासंग सम्बन्धित सूचना एवं जानकारी उपलब्ध गराउने काममा सहयोग पुर्‍याउनेछ । मुहान/स्रोत सम्बन्धी विवाद उठेमा समाधान गर्न प्रयत्न गर्ने छ । शहरी आयोजनाका लागि उपभोक्ताबाट गर्नुपर्ने सहलगानीको प्रतिबद्धतास्वरुप हुने व्यवस्थापन सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्राप्त प्रतिनिधि तोक्नेछ । शहरी आयोजना क्षेत्रभित्र सार्वजनिक सरसफाइ सुविधा अन्तर्गत निर्माण हुने संरचनाहरू निर्माण गर्न लाग्ने लागतको १५% बराबरको रकम स्थानीय सरकारले जम्मा गर्नुपर्ने छ र निर्माण पश्चात् नियमित रेखदेख र मर्मत संभारको कार्यको समुदायसंग समन्वय गरी पूर्ण रुपमा जिम्मेवारी लिनेछ ।

### ९.७ एशियाली विकास बैंक

यसले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनासंग सम्बन्धित मुद्दाहरुबारे विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गरी, आवश्यक परेबैठक बोलाई समाधान गर्न सहजीकरण गर्नेछ । यस समितिले गुनासो समाधान गर्ने कर्ताको भूमिका निभाउनेछ । प्रतिफलमा आधारित अनुदानको लागि छनौटमा सघाउनेछ । साथै, शहरी आयोजना कार्यान्वयन सिलसिलामा आवश्यक सुझाव दिने तथा शहरी आयोजनाको अनुगमन गर्नेछ ।

### ९.८ खानेपानी उपभोक्ता संस्था/खानेपानी उपभोक्ता तथा सरसफाइ समिति

उपभोक्ताहरुको सहलगानी, सहभागिता र स्वामित्वपूर्ण अगुवाईमा संचालन हुने यस आयोजनाको तर्जुमा, संचालन तथा संभार आदि कामको जिम्मेवारी खा.पा.उ.स. मा रहेको छ । आयोजना क्षेत्रका वासिन्दाहरूको आमभेलाबाट सबै वर्ग, लिङ्ग, जातजाति, दलित, मुस्लिम तथा विपन्न/लाभान्वित/जोखिमयुक्त वर्गसमेतबाट प्रतिनिधित्व हुनेगरी ९ सदस्य रहेको समिति गठन गर्नुपर्ने छ । ९ जनामध्ये अनिवार्य ३ जना महिला हुनुपर्ने छ भने कम्तिमा १ जना महिलाले कुनै एक कार्यकारी पदको जिम्मेवारी लिनुपर्ने छ । उपभोक्ता संस्था जलस्रोत ऐन २०४९ तथा खानेपानी नियमावली २०५५ बमोजिम जिल्ला जलस्रोत समितिमा दर्ता हुनुपर्नेछ । आयोजनाको कूल लागतमा ३०% सम्म सहलगानी गर्नेछ र सो मध्ये आयोजनाप्रतिको प्रतिबद्धतास्वरुप ५% अग्रिम नगद उपभोक्ताहरूसंग संकलन गरी जम्मा गर्नेछ । बाँकी हुन आउने २५% रकम नगर विकास कोषसँग ऋण लिनेछ । ऋण भाका अवधि (सहुलियत वर्ष ५ समेत ) २५ वर्ष भित्र वार्षिक ५% ब्याज र सांवा, पानी शुल्क वापत उठेको रकमबाट शर्त बमोजिम तिर्दै जानुपर्नेछ । शहरी आयोजनाका संरचनाहरू : पानीपोखरी, प्रशोधन प्रणाली आदि निर्माण गर्न आवश्यक पर्ने जग्गा निःशुल्क उपलब्ध गराउनेछ ।

### ९.९ राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र

खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तरर्गत राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रले शहरी खानेपानी तथा सरसफाइ आयोजनाका लागि आयोजना व्यवस्थापन कार्यालय र नगर विकास कोषको सहयोग र समन्वयमा खा.पा.उ.स.सं. का सदस्य तथा कर्मचारीहरूको अभिवृद्धिका लागि तोकिएको वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय विषयहरूमा क्षमता तालिम कार्यक्रमहरू संचालन गर्दछ ।

### ९.१० निर्माण व्यवसायी

सम्झौता अनुसार डिजाइन, नक्सा र स्पेसिफिकेसन बमोजिम इन्जिनियरको निर्देशन तथा सुपरिवेक्षणमा स्वीकृत तालिका अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नेछ । स्थायी संरचना निर्माणका लागि प्रयोग गरिने सामग्रीहरू आयोजना स्थलमा ल्याउनु अगाडि निरीक्षण परीक्षण भएको प्रमाण पेश गर्नेछ । निर्माण भएको संरचनाहरूको संचालन परीक्षण गर्नेछ । आयोजना सम्पन्न भएपछि १ वर्षसम्म आयोजनाको मर्मत, संभार र संचालनको जिम्मेवारी लिनेछ तथा डिफेक्ट लायविलिटिको अवधि १ वर्षको रहेको हुँदा यस समयभित्र देखिएको त्रुटि र समस्याहरूलाई निराकरण गर्ने समेत दायित्व रहेको छ । पानी राष्ट्रिय गुणस्तर मापदण्ड अनुरुप वितरण हुनु पर्नेछ ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

ADB

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## परिचय तथा चिनारी-२०७७
















आयोजना व्यवस्थापन कार्यालय
पानीपोखरी, काठमाडौं, नेपाल
फोन: ९७७-१-४४२२२३१, ४००६६८५, ४००६५४६
फ्याक्स : ९७७-१-४४१३२८०
इमेल : info@uwssp.gov.np
वेव साइट : www.uwssp.gov.np


Urban Water Supply and Sanitation (Sector) Project

## १. पृष्ठभूमि तथा परिचय

नेपालमा समग्र राष्ट्र विकासको गति संगसँगै, सहरीकरण अत्यन्त तीव्ररुपमा भइरहेको छ। विस्तार भैइरहेका साना शहरहरूमा जनसंख्याको बढ्दो चाप तथा औद्योगिक तथा व्यापारिक क्रियाकलापहरू बढ्दै गएको हुँदा साबिकमा उपलब्ध खानेपानी र सरसफाइको सुविधा तथा गुणस्तर अपेक्षाकृत रुपमा अपर्याप्त हुँदै आइरहेको छ। यसै तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले, शहरी खानेपानी तथा सरसफाइ नीति (२०६६) ले तोकेको परिभाषा अनुसार १५ वर्षीय विकास योजना (२०६७) मा सूचीकृत २६५ वटा शहरहरू/नगर क्षेत्रहरूमा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना चरणबद्ध रुपले संचालन गर्दै स्वच्छ, गुणस्तरीय र सहज खानेपानी तथा सरसफाइ सेवा सुविधा विस्तार गर्दै जाने लक्ष्य राखेको छ।

सोही अनुरुप नेपाल सरकारले, एकीकृतरुपमा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहयोगमा प्रथम चरण अन्तर्गत (२०५७/०५८-२०६४/०६५) २९ वटा साना शहरहरूमा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना संचालन भई करीब ५ लाख ९३ हजार जनता खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भएका छन्।

त्यसैगरी, दोस्रो चरणको साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (२०६६/०६७ देखि २०७३/०७४) बाट २१ वटा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना, एसियाली विकास बैंकको अनुदान सहयोगमा सम्पन्न भई करीब ३ लाख ५५ हजार जनसंख्यालाई उच्च/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध भईरहेको छ।

तेस्रो चरणको साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आ.ब. २०७१/०७२ देखि २०७७/०७८ सम्म सम्पन्न भईसक्ने लक्ष राखिएको छ। हालसम्म अधिकांश साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरु सम्पन्न भईसकेका छन्। यस आयोजनाबाट करीब ३ लाख ९० हजार जनसंख्या उच्च/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधाबाट लाभान्वित हुने अनुमान गरिएको छ। यसका साथै, यस आयोजना अन्तर्गत प्रथम चरणमा सम्पन्न भएका २४ नगर आयोजनाहरुको सुधारका लागि पनि आवश्यक व्यवस्था गरिएको थियो र ति साना शहरी आयोजनाहरुको सुधार कार्य समपन्न पनि भईसकेको छ।

प्रथम, दोस्रो तथा तेस्रो चरणका आयोजनाहरुको सफलता पश्चात् आयोजना संचालन तथा यसको दिगोपनका लागि केही पाठहरु सिकी २० वटा शहरहरुमा शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना (२०१९-२०२४) संचालन गरिएको छ। यो आयोजनाले करीब ३ लाख २० हजार शहरी जनसंख्यालाई उच्च/मध्यमस्तरीय खानेपानी सेवा सुविधा तथा करीब ६४ हजार जनसंख्यालाई सुधारिएको सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ।

## २. सहरको आधारहरू

- जनसङ्ख्या - जनसङ्ख्या ५००० -४०,००० सम्म भएको
- औसत जनसंख्या घनत्व - १० व्यक्ति प्रति हेक्टर भएको
- भौतिक सुविधाहरू - एक स्थानीय सरकारको प्रशासनिक सीमानाभित्र रहेको, सम्भावित उच्च वृद्धि क्षेत्र तथा रणनीतिक सडक संजालको नजिक र बाह्रै महिना मोटर चल्ने बाटोको सुविधा भएको, बिजुली, संचार सुविधा भएको

## ३. आयोजनाको अवधारणा

- नेपाल सरकार, उपभोक्ता वर्ग र स्थानीय सरकारको सहलगानी र लागत असुलीमा आधारित हुने
- आयोजनाको निर्माण, संन्चालन र संभारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहभागिता रहने
- सेवाको गुणस्तर सुधार र सेवास्तरमा अभिवृद्धि
- स्थानीय सरकार र उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास र
- जलवायु उत्थानशील दृष्टिकोण (तौर तरिका) तथा स्मार्ट प्रविधिको प्रयोग गरिने

## ४. आयोजनाको लक्ष्य/उद्देश्य

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको प्रमुख लक्ष्य/उद्देश्यहरु निम्न अनुसार छन्:

- आयोजना क्षेत्रका उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने।
- दिगो तथा समावेशी खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने।

## ५. आयोजनाको कार्य क्षेत्र

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले क्षेत्रगत विकास, विस्तार तथा आयोजनाको उद्देश्य परिपूर्तिका लागि निम्न उल्लेखित तीन वटा कार्य क्षेत्रहरुलाई अङ्गीकार गरेको छ :

- खानेपानी तथा सरसफाइ पूर्वाधारको सुधार तथा विस्तार
- क्षेत्रगत नीति, नियम, संस्थागत क्षमता तथा सेवा प्रदानमा सशक्तिकरण
- आयोजना कार्यान्वयन प्रक्रियामा सुधार

## ६. आयोजनाको नीति

- **सहलगानी/लागत असुली तथा साझेदारी**

  शहरी आयोजनाको निर्माणमा पूँजिगत लगानी स्वरूप खानेपानी संरचना निर्माणमा उपभोक्ताको सहलगानीको नीति अपनाइएको छ। उपभोक्ताले गर्ने सहलगानीको अंशको रुपमा आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइनको आधारमा खानेपानी निर्माण लागतको ३०% सम्म सहलगानी गर्नेछ। सो मध्ये ५% रकम आयोजना संचालनको प्रतिवद्धता स्वरुप अग्रिम नगद जम्मा गर्नुपर्नेछ। बाँकी नपुग रकम २५% उपभोक्ता संस्थालाई नगर विकास कोषले ऋण प्रवाह गर्नेछ। उक्त ऋण सहुलियत (grace period) अवधि ५ वर्षसहित २५ वर्षभित्र चुक्ता गर्नुपर्नेछ। यस अवधिभित्र पानी सेवाशुल्क वापत उपभोक्ताबाट असुल गरेको रकमबाट उपभोक्ता संस्थाले नगर विकास कोषलाई ऋण भुक्तानी गर्दै जानेछ। सो ऋणको ब्याज १५% भन्दा बढी हुनेछैन।

- **लैङ्गिक समानता र सामाजिक समावेशी**

  विकासका सबै प्रक्रियामा लैङ्गिक तथा लाभान्वित वर्ग/समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई प्रोत्साहित गर्दै जाने उद्देश्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीताका लागि विपन्न/गरीब, कमजोर तथा पछाडि परेका जनजाति/वर्ग/समुदायहरूलाई आयोजनाको सबै तह र पक्षहरूमा समावेश गराउने हेतुले सम्बद्ध निकायहरू मार्फत आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी नीति कार्यान्वयन गर्नेछ।

- **प्रतिफलमा आधारित अनुदान**

  यस आयोजनाले अति विपन्न/गरीब जोखिममा परेका वर्ग र समावेशीकरण गर्नुपर्ने समूहहरुलाई खानेपानी तथा सरसफाइको सेवा सहज उपलब्ध गराउने रणनीति अपनाएको छ। यस अन्तर्गत सेवा प्रदायक संस्थाको रुपमा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ। साथै सामाजिक आर्थिक विवरणका आधारमा पहिचान तथा छनौट भएका घरधुरीहरुमा निजी धारा जडान तथा चर्पी निर्माण भएको प्रमाणका आधारमा अनुदान दिइनेछ।

- **पारदर्शिता र उत्तरदायित्व**

  आयोजनाका क्रियाकलापहरूको पारदर्शिता र जनउत्तरदायित्वपूर्ण जवाफदेही बनाउन सम्बद्ध निकाय/सरोकारवाला वर्ग/समुदायहरू देखि सर्वसाधारण सम्म सबैलाई सुसूचित बनाउन सूचना सम्प्रेषणका विभिन्न माध्यमहरू तथा सचेतना कार्यक्रमहरू मार्फत आयोजना बारे जानकारी तथा आवश्यक सूचनाहरू सम्प्रेषण गरिनेछन्।

## ३. आयोजनाको अवधारणा

वित्तीय बाँडफाँड (मिलियन अमेरिकी डलरमा)

| स्रोतहरू | लागत अनुमान | प्रतिशत |
|---|---|---|
| नेपाल सरकार (GON) | ३९.५० | २२.२० |
| एशियाली विकास बैंक (ADB) | १३० | ७२.८० |
| स्थानीय सरकार र उपभोक्ता वर्ग | ९.०० | ५.०० |
| **जम्मा** | **१७८.५०** | **१००** |

## ८. संस्थागत व्यवस्थापन

खानेपानी तथा सरसफाइ क्षेत्रको सक्षमता, प्रभावकारी र जवाफदेहिता समेतका लागि खानेपानी मन्त्रालयमा खानेपानी तथा सरसफाइ क्षेत्रगत क्षमता अभिवृद्धि इकाई स्थापना भएको छ। त्यसैगरी , खानेपानी तथा ढल व्यवस्थापन विभागमा पुराना तथा नयाँ शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुमा भविष्यमा आइपर्ने प्राविधिक समस्या समाधान तथा व्यवस्थापन गर्नका लागि Instituional Support & Service Advisory Unit (ISSAU) को गठन भएकोछ। अर्को तर्फ शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको निर्माण कार्यान्वयनको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागको मातहतमा आयोजना व्यवस्थापन कार्यालय स्थापना भएको छ। आयोजनाहरुको व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण तथा कार्यान्वयन/निर्माणको लागि २ वटा क्षेत्रहरु (नेपालगञ्ज र इटहरी) मा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (Regional Project Management Office, RPMO) को व्यवस्था भएको छ। साथै दैनिक कार्य, आयोजना कार्यान्वयन, तथा अनुगमन, सुपरिवेक्षण गर्न प्रत्येक आयोजना स्थलमा १ जना इन्जिनियर तथा १ जना सामाजिक परिचालक सहितको Implementation Core Group (ICG) व्यवस्थापन गरि आयोजना कार्यान्वयन इकाई कार्यालयको व्यवस्था गरिएको छ।

## ९. आयोजनामा संलग्न सरोकारवाला निकायहरूको जिम्मेवारी र भूमिका

१. खानेपानी मन्त्रालय/आयोजना समन्वय समिति
२. खानेपानी तथा ढल व्यवस्थापन विभाग
३. आयोजना व्यवस्थापन कार्यालय
   - आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC)
४. क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/आयोजना कार्यान्वयन इकाई कार्यालय (ICG)
   - डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता
५. नगर विकास कोष
६. स्थानीय सरकार
७. एशियाली विकास बैंक
८. खानेपानी उपभोक्ता संस्था/खानेपानी उपभोक्ता तथा सरसफाइ समिति
९. राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र
१०. निर्माण व्यवसायी
११. उपभोक्ता

## ९.१ खानेपानी मन्त्रालय

यस मन्त्रालयले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको संचालनको लागि कार्यकारी निकायको भूमिका निर्वाह गर्नेछ। आयोजनाहरूलाई गतिशीलता प्रदान गर्न, आइपर्ने गतिरोध अन्त्य गर्न, प्रगति समिक्षा गर्न तथा अनुगमन तथा मूल्यांकन, आवश्यक निर्देशन तथा नियन्त्रण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। यस कार्यको लागि मन्त्रालयमा सचिवको अध्यक्षतामा प्रतिनिधित्व रहने गरी आयोजना समन्वय समिति (Project Coordination Committee- PCC) गठन गरिएको छ। PCC ले आयोजनामा आइपर्ने गतिरोध अन्त्य गर्ने, अनुगमन तथा मुल्याकंन गर्ने साथै आयोजनाको कार्य सम्पादनको पुनरावलोकन गरी मुख्य- मुख्य नीतिगत मुद्धाहरुमा छलफल गर्नेछ।

## ९.२ खानेपानी तथा ढल व्यवस्थापन विभाग

यस विभागले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको समग्र शासकीय जिम्मेवार निकायको रुपमा आयोजनाहरू छनौट, संचालन, व्यवस्थापन तथा समन्वयका लागि आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (RPMO)र